annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६६, पृष्ठ ८ | काठमाडौं, आइतबार २१ असार २०८३ | आषाढ कृष्णपक्ष पञ्चमी नेपाल संवत् ११४६ | SUNDAY, JULY 5, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार

# असारे विकासको हतारो, पुँजीगत खर्च ३६ प्रतिशतमात्रै

आर्थिक वर्ष सकिन दुई साता पनि बाँकी छैन । शनिबार र आइतबार पनि सरकारी कार्यालयमा धमाधम 'विकास निर्माण' का काम भइरहेका छन् । पुँजीगत (विकास खर्च) बढाउन र भुक्तानीका कामले कर्मचारीलाई भ्याइनभ्याई छ । असारमा 'लतपत' गरिने विकास निर्माणलाई असारे झरीले नै बगाउने र दिगो प्रतिफल नदिने भन्दै विज्ञहरूले वर्षौंदेखि 'असारे विकास' रोक्नुपर्ने तर्क गरिरहेका छन् । तर, रास्वपाको शक्तिशाली सरकारका पालामा पनि 'असारे विकास' ले नै निरन्तरता पाइरहेको छ ।

विस्तृत पृष्ठ २

केशरराज क्षेत्री | *बुटवल*




महान्यायाधिवक्ता कार्यालयको पत्राचार-

## 'जेन–जी मुद्दाको पेसी स्थगित गर्नू'

दिनेश गौतम | *काठमाडौं*

महान्यायाधिवक्ता कार्यालयले शुक्रबार देशभरका उच्च सरकारी वकिल र जिल्ला सरकारी वकिल कार्यालयलाई निर्देशनात्मक अनुरोधमा भनेको छ, 'जेन-जी आन्दोलनसम्बन्धी घटनामा दायर भएका फौजदारी मुद्दाहरू फिर्ता लिन मिल्छ कि मिल्दैन भन्ने विषयमा अध्ययन गर्न सरकारले एउटा कार्यदल गठन गर्ने प्रक्रिया अघि बढाएकाले कार्यदलले प्रतिवेदन नदिएसम्म ती मुद्दाको पेसी स्थगितको अनुरोध भई आएको हुँदा सहजीकरणको लागि निर्देशानुसार अनुरोध छ।'



गृह मन्त्रालयको कार्यदललाई अध्ययननमा अवरोध हुने भएकाले पेसी स्थगित गर्न भनिएको हो।

**–डा. नारायणदत्त कँडेल**
महान्यायाधिवक्ता

२०८२ भदौ २३ र २४ गते भएको जेन जी आन्दोलनसम्बन्धी घटनाको विषयमा महान्यायाधिवक्ता कार्यालयबाट शुक्रबार भएको पत्राचार झट्ट हेर्दा सामान्य प्रशासनिक सूचना जस्तो देखिन्छ। तर, यसको कानुनी र राजनीतिक अर्थ निकै महत्त्वपूर्ण रहेको संवैधानिक एवं फौजदारी कानुनका विज्ञहरू बताउँछन्। नेपाल बार एसोसिएसनका महासचिव एवं वरिष्ठ अधिवक्ता केदारप्रसाद दाहाल भन्छन्, 'महान्यायाधिवक्ता कार्यालयबाट भएको पत्राचार कानुनी शासनको पक्षमा देखिँदैन। यस खालको पत्राचारले मुलुकमा दण्डहीनता बढाउँछ।'

**कार्यदल नबन्दै पेसी स्थगनको हतार**

२०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनसम्बन्धी घटनामा दायर भएका फौजदारी मुद्दाहरू विचाराधीन छन्। ती मुद्दा फिर्ता लिन मिल्छ कि मिल्दैन भन्ने विषयमा अध्ययन गर्न वालेन्द्र शाह नेतृत्वको सरकारले एउटा कार्यदल गठन गर्ने प्रक्रिया अघि बढाएको छ।

» बाँकी पृष्ठ २

# सरकारको सारा शक्ति सुशासनमा

सुरेन्द्र काफ्ले | *काठमाडौं*

सरकारले आफ्नो कार्यकालको पहिलो १०० दिनमा शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह, सुशासन र डिजिटल शासनलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरेको छ। सरकारले १०० दिनमा, २०८२ चैत १३ गते गठन भएकै दिन मन्त्रिपरिषदको पहिलो बैठकबाट शासकीय सुधारका एक सय कार्यसूची स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। ती कार्यसूची कार्यान्वयनका लागि समयसीमा, जिम्मेवार मन्त्रालय तथा निकाय र कार्यसम्पादन सूचकसमेत निर्धारण गरिएका थिए।

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले दीर्घकालीन शासकीय रूपान्तरणका लागि पहिलो वर्षलाई 'शासकीय सुधारको आधार वर्ष' का रूपमा अघि बढाइएको बताएका छन्। उनका अनुसार प्रशासनिक सुधार, सार्वजनिक सेवा प्रवाह, डिजिटल शासन, सुशासन, आर्थिक अनुशासन, आयोजना व्यवस्थापन, पूर्वाधार विकास तथा सामाजिक क्षेत्रलाई प्राथमिकतामा राखेर सुधारका कार्यक्रम सञ्चालन गरिएको छ।

सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सुधारका कार्यक्रमको नियमित अनुगमन, समन्वय र सहजीकरण गरेको उनले बताए। पत्रकार सम्मेलनमार्फत सय दिनको उपलब्धि सार्वजनिक गर्दै शासकीय सुधारका एक सय कार्यसूचीअन्तर्गत भएका प्रगति, प्राप्त उपलब्धि र प्रारम्भिक परिणामका साथै कार्यसूचीमा नपरेका विभिन्न मन्त्रालयका महत्त्वपूर्ण सुधारात्मक



कार्यसमेत उनले जानकारी दिए।

सरकारले आगामी दिनमा शासकीय सुधारलाई थप संस्थागत, परिष्कृत र परिणाममुखी बनाउँदै नागरिकले प्रत्यक्ष अनुभूति गर्ने सुशासन कायम गर्न निरन्तर प्रयास गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। साथै, सुधार अभियानमा संलग्न कर्मचारी, जनप्रतिनिधि तथा सरोकारवालाप्रति आभार पनि व्यक्त गरेको छ।

**११ हजारको सम्पत्ति विवरण संकलन**

सरकारले आफ्नो सयदिने कार्यकालमा भ्रष्टाचार नियन्त्रण, सम्पत्ति छानबिन तथा विगतका उच्चस्तरीय छानबिन आयोगका प्रतिवेदन कार्यान्वयनलाई प्रमुख उपलब्धिका रूपमा प्रस्तुत गरेको छ।

सरकारका
१००
दिन

व्यक्तिगत लाभका लागि पदीय मर्यादाबाहिर गरिने अवाञ्छित गतिविधिमाथि सूक्ष्म निगरानी बढाइएको छ।

**–सस्मित पोखरेल**
सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री

प्रवक्ता पोखरेलले देशमा व्याप्त भ्रष्टाचार, सम्पत्ति लुकाउने प्रवृत्ति तथा दण्डहीनताको अन्त्य गर्ने उद्देश्यले जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम सम्पत्ति छानबिन आयोग गठन गरिएको जानकारी दिए। मन्त्रिपरिषद्को निर्णयबाट गठन भएको आयोगले आर्थिक वर्ष २०६२/६३ देखि २०८२/८३ सम्म सार्वजनिक पद धारण गरेका राजनीतिक पदाधिकारी तथा उच्चपदस्थ कर्मचारीहरूको सम्पत्ति छानबिन गर्ने जिम्मेवारी पाएको छ। गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको पुष्टि भएमा आयोगले प्रचलित कानुनअनुसार कारबाहीका लागि सरकारसमक्ष सिफारिस गर्ने व्यवस्था गरिएको छ। आयोगले प्रशासनिक तथा संस्थागत संरचना तयार गरिसकेको छ। हालसम्म ११ हजारभन्दा बढी सम्पत्ति विवरण तथा उजुरी संकलन भइसकेका छन् भने तिनको अभिलेखीकरण, वर्गीकरण र प्रारम्भिक विश्लेषणको काम जारी छ।

मन्त्रिपरिषद्ले नेपाल बाल संगठन तथा बालमन्दिरसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय पनि गरेको छ। सोही निर्णयअनुसार नेपाल बाल संगठन र बालमन्दिरको जग्गा अनधिकृत रूपमा भाडामा लगाई सरकारी सम्पत्तिको हिनामिना गरेको तथा बालबालिकालाई अनधिकृत रूपमा धर्मपुत्र-धर्मपुत्री बनाई विदेश पठाएको आरोपमा नेपाल प्रहरीको केन्द्रीय अनुधान ब्युरो (सीआईबी) ले अनुसन्धान अघि बढाइरहेको प्रवक्ता पोखरेलले जानकारी दिए।

एनसेलको सेयर खरिद-बिक्री तथा स्वामित्व हस्तान्तरण विवादसम्बन्धी उच्चस्तरीय छानबिन समितिको प्रतिवेदन पनि कार्यान्वयनको चरणमा रहेको उनले बताए। सोही क्रममा सीआईबीले ठगी, आपराधिक विश्वासघातलगायतका मुद्दामा अनुसन्धान जारी राखेको सरकारले जनाएको छ।

» बाँकी पृष्ठ ६

दैलेख दुर्घटना

## न गाडी भेटियो, न त यात्रु नै !

हिक्मतबहादुर नेपाली | *दैलेख*

बिहीबार बिहान साढे ११ बजे कर्णाली राजमार्गमा एक यात्रुवाहक फोर्स गाडी दुर्घटनामा पर्‍यो। दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ सांगेतडा क्षेत्रमा सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको उक्त गाडी दुर्घटनामा परेको हो।

सडकबाट करिब ५ सय मिटर तल कर्णाली नदीमा खसेको सो गाडी ३ दिन बितिसक्दासमेत भेटिएको छैन भने यात्रुहरू पनि बेपत्ता छन्।

जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख डीएसपी श्रवणकुमार विकका अनुसार शनिबार साँझसम्म कर्णाली नदीमा खसेको गाडी र यात्रुहरू फेला परेका छैनन्।

गाडीमा सवार ५ जनाको सनाखत भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय दैलेखले उनीहरूको पहिचान सार्वजनिक गरेको हो।

सनाखत भएकामध्ये चालक तुलाराम सुवेदी र सहचालक रामप्रसाद सुवेदी सुर्खेतको पञ्चपुरी नगरपालिका-८ माझीगाउँका हुन्। त्यस्तै सिर्जना खड्का कालीकोटको रास्कोट नगरपालिका-२ खड्कागाउँकी हुन् भने मेखे तिरुवा र जोखे तिरुवा कालीकोटकै पचालझरना गाउँपालिका-१ का बासिन्दा हुन्। दुर्घटनामा मृत्यु भएका जोखे तिरुवाको शव आफन्तले सनाखत गरेपछि पोस्टमार्टम गरी परिवारको जिम्मा लगाइएको छ।

» बाँकी पृष्ठ ६

# हारेर पनि केप भर्डेले जितेको मन

**मेसीले भोजिन्हालाई भने– 'तिमी महान छौं। केप भर्डेका जनता तिमीबाट गौरवान्वित छन्।'**

विष्णु थापा | *काठमाडौं*

विश्व फुटबलमा प्राय: विजेता टोली र तिनका खेलाडीको मात्रै चर्चा र परिचर्चा हुन्छ। तर, कहिलेकाहीँ यस्ता टोली पनि हुन्छ, जसले खेल र उपाधि जित्दैनन्। तर, आफ्नो साहस, संघर्ष र खेलभावनाले विश्वभरका समर्थकको मन जित्छन्। यस पटकको फिफा विश्वकप २०२६ मा अफ्रिकी राष्ट्र केप भर्डेले पनि यस्तै चर्चा बटुल्यो। आमदर्शकको मन जित्न सफल भयो।

करिब ५ लाख जनसंख्या भएको एउटा सानो द्विपीय राष्ट्रले पहिलो विश्वकप सहभागितामै संसारलाई चकित बनायो। विश्व वरीयतामा ६४औं स्थानमा रहेको केप भर्डेलाई धेरैले कागजी रूपमा कमजोर टोलीका रूपमा हेरेका थिए। तर, विश्वकप सुरु भएदेखि नै आफ्नो दमदार छाप छाड्न सफल भयो। एउटा कमजोर टोलीका रूपमा विश्वकपमा स्थान बनाएको केप भर्डे विश्वकपबाट बाहिरिँदासम्म सबैभन्दा प्रेरणादायी टोलीका रूपमा आफूलाई स्थापित गर्न सफल भयो।

विश्वकपमा डेब्यु गर्ने ४ टोलीमध्ये नकआउट चरणमा पुग्ने एकमात्र टोली केप भर्डे हो। समूह चरणमा उसले विश्व फुटबलका स्थापित राष्ट्र स्पेनसँग गोलरहित बराबरी खेल्यो। त्यसपछि उरुग्वेसँग २-२ को रोमाञ्चक बराबरी खेल्दै आफ्नो क्षमता थप प्रमाणित गरेको थियो। समूह चरणको तेस्रो खेलमा साउदी अरेबियाविरुद्ध पनि अंक बाँड्दै केप भर्डेले आफ्नो अपराजित यात्रा कायम राख्दै नकआउट चरणमा स्थान सुरक्षित गरेको थियो।

पहिलोपटक विश्वकप खेलिरहेको सानो अफ्रिकी राष्ट्रले साविक विजेता अर्जेन्टिनालाई अन्तिम ३२ को खेलमा अतिरिक्त समयसम्म संघर्ष गर्न बाध्य बनाउँदै फुटबल समर्थकको मन जित्न सफल भयो।




अन्तिम ३२ को खेलमा ३-२ गोलको नतिजाले प्रतियोगिताबाट बाहिरिए पनि केप भर्डेले आफ्नो साहस, आत्मविश्वास र उत्कृष्ट खेलका कारण विश्वभर प्रशंसा बटुल्न सफल भयो।

**भोजिन्हा : दी वाल**

केप भर्डे यस विश्वकपको प्रेरणादायी टोलीका रूपमा उदाउँदा त्यसका नायक बनेका थिए, ४० वर्षीय गोलरक्षक भोजिन्हा। भोजिन्हाले विश्वकप विजेता स्पेन, उरुग्वे र अर्जेन्टिनाजस्ता सशक्त टोलीसँग मात्रै होइन, साउदी अरेबियासँग पनि सानदार प्रदर्शन गरेका थिए। स्पेनसँगको खेलमा उत्कृष्ट ८ बचाउ गरेका उनले अर्जेन्टिनासँगको खेलमा पनि ७ बचाउ गरेका थिए। केप भर्डेको पोस्ट्मा पर्खाल जसरी उभिने उनलाई 'दी वाल'का रूपमा धेरैले चर्चा गर्दै आएका छन्।

विश्वकपको डेब्यु खेलमै भोजिन्हाले २०१० को विजेता स्पेनलाई बराबरीमा रोक्न सानदार प्रदर्शन गरेका थिए। यो खेलपछि आँसु झार्दै केप भर्डेको झन्डा दुई हातले उठाएको तस्बिर भाइरल बनेको थियो। उनले मैदानमा देखाएको उत्कृष्ट प्रदर्शनले उनी रातारात 'सुपर स्टार' बन्न पुगेका थिए।

अनुभवी गोलरक्षक भोजिन्हाले विश्वकपमा उत्कृष्ट प्रदर्शन गरे। अर्जेन्टिनाविरुद्ध उनले लियोनल मेसीसहितका स्टार खेलाडीका धेरै प्रहार बचाउँदै टोलीलाई लामो समयसम्म खेलमा टिकाइराखे। उनको प्रदर्शनलाई प्रतियोगिताकै उत्कृष्ट गोलकिपिङ प्रदर्शनमध्ये एकका रूपमा चर्चा गरिएको छ।

» बाँकी पृष्ठ ६